# प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल-भोट युद्धका ऐतिहासिक सामग्री

१ चीनको इलाका भोट मुलूकसंग लडाजि भै वाहापछि फेरि श्रीनेपाल सर्कारको र भोटसर्कारको सलूक भयाको विस्तारको तवारिष मोफसलियेत् –

श्री ५ गोर्खामिहाराजाधिराज पृथ्वीनारायण साहका सर्दार रामकृष्ण कुवर राणाजीका पनाति सर्दार रणजित कुवर राणाजीका नाति काजि वालनरसिंह कुवर राणाजीका छोरा श्री मद्राज कुमार कुमारात्मज श्री प्राइमिनिष्टर येंड कम्यांडर इन चीफ जनरल जणवहादुर कुंवर राणाजी साहेव वहादुरवाट वजीरी कामकाज गर्नु हुँदा गोर्षा दर्वार र फौज रैयत् छोटा वडाको चलन् व्यवहार श्रेष्टा निसाफहरू सवै कुराको राम्रो वन्दोवस्त चल्याको नदेषदा मैले यस्तो वजीरी पायापछि यौटा आइन वन्दोवस्त गर्नु पर्न्या हो आइन वस्दोवस्त भया श्री ५ सर्कारको नीतिपूर्वक थिति वन्दोवस्त चलि मुलुक मुलुकमा पनि नेम नामी रहला आईन वन्दोवस्त भया. छोटा वडा सवैलाई आइनको याद रहला आईनको याद भयापछि चाहिन्या काम गर्नन्. वे आइनको काम गरैनन् यसो भया फौज रैयतलाई आराम सुभिस्ता होला भन्या मनमा ली जंगी मुलुकि सवै काम काजको आइन तवारिषको किताप वनाउनालाई दृढ चित्त गरि आफ्ना मुलुक जगाजगामा कामकामको कागज पत्र झिकाई जातजातका रीत वुझि आइन वनाउन र तवारिष औ मुलुकका आम्दानो षर्च फौज रैयतका गितिको हिसाव गैह्रका जमावंदीको किताप वनाउनाको सुरुह गर्नु भै केहि तयार गर्नु भयाको थियो तस्तै वीचमा इङ्लीसतान्का वाद साहको आइन दस्तुर फौजको जिलो तरह तरहको हिक्मत देषतार साहेवानहरूका जवानी इङ्लीस्तान्का वयान् सुन्दा येकफेराता इङ्लीसतान् हेर्नं जानुपर्न्या हो. म इङ्लीस्तान पुगनु पाया. सर्कार कम्पनी वहादुरको र सर्कार गोर्षा वहादुरको दोस्ती पनि वहुतै मजगुत होला भन्या मनमा दृढ गरि, श्री ५ सर्कारमा वक्साई आफु इङ्लीसतान् जानाको नेपालमा रह्याका रजीडंट कर्णेल चारलीस थरस्वीं साहेब मार्फत लेषपढ भै गयो र सर्कार कम्पनी वहादुरवाट पनि हिन्दुस्तानका नवाव राजाहरू कसैले मनसुवा नगर्न्याका ठाउँमा सर्कार गोर्षावहादुरका वजीरले इङ्लीसतान देषनाको इरादा राषन्या काम वहुत वढिया गर्न्या छन् वेस आइन भन्या मंजुर भै आयो र आफ्ना माहिला भाई श्री कम्यांडर इन चीफ जनरल वम्वहादुर कुंवर राणाजिलाई आफुले गर्न्या वजीरीको सवै जंगी मुलुकी कामको अषतियारि दी इङ्लीस्तान्का वादशाह जादी अलक्जंदर भिक्टौरिया र उनका हिन्दुस्तान् तिर वन्दोवस्त गर्न्या दिरैत अनरवलसर्ज्यानिका महप होस् साहेव वहादुर पर्सीडंट वौर्ड अफ कंट रूलर कलकत्ताका नवाव अफर्फुलुउमरा नोवल ज्येम्स अंडरु मार्कुइस अवडील हौसी गवरनर जनरल साहेव वहादुरलाई श्री ५ गोर्षा महाराजाधिराज वहादुरवाट जान्या षलितापत्र ली १९०६ साल मिति माघ सुदि १ रोज २ का दिन श्री ५ सर्कारमा विदा भै आफ्ना भाई श्री जनरल जगत्सम्सेर जङ्ग कुवर राणाजी भाई श्री जनरल धीरसम्सेर जङ्ग कुवर राणाजी वडा कपतान् रणमेहेरसिंह अधिकारी काजी हेमदलसिंह थापा काजी डिल्लीसिंह वस्न्यात् काजी करवीर षतृ लेफटेन लालसिं षतृ लेफ्टेन करवीर षतृ लेफटेन भीमसेन राना. अमीनसुवा सिद्धिमानसिं राजभंडारि सुवा शिवनरसिं षरिदार पृथ्वीधर उपाध्या. वैद्य चक्रपाणि

चित्रकारी भाजुमचा औ अंग्रेज मेकलौट साहेवलाई नोकर राषि. केटा चाकर स्मेत जना २१ साथमा ली. इङ्लीस्तान् जानाकन नेपालवाट रवाना हुनुभयो. पटना दानापुर छाउनी दाषिल भै साहेवान्हरूसंग मुलाकात् हुँदा वहुतै षातीरगरि १९ तोपका सलामी दिया. वाहादेषी धुवाकस जहाजमा सबारि गरि कलकत्ता पुगी. कलकत्ताका लाठ साहेव र अरू साहवान्हरूलाई आफुले लैगयाको तोफा अघिवाट राषी सवै साहवानहरूसंग मुलाकात् हुँदा वडो इजत आदर गरि १९ तोपको सलामिदी तोहफा मेजमानी दिया सर्कार कम्पनी तरफवाट रस्तामा हिफाजत गरि श्रीप्राइममिनिष्टरलाई वेलायत्सम्म पुऱ्याई ल्याउनु. धुवांकसको भाडा ५० हज्जार चाहींछ. त्यो पनि इङ्लीसतान्का वादशाहवाट मिलन्या छ भनि कप्तान केवरनरसाहेव मुकरर भयाका स्मेत कलकत्तावाट धुवाँकसमा सवार भै जानुभयो ठाउँ ठाउँ सहर सहर टापु टापुका साहवान्हरूसंग भेट मुलाकात् हुँदा दस्तुर वमोजीम टोपको सलामी र मेजमानी वडा इज्जतसंग दिया. इङ्लीस्तान्मा पुगनु भयापछि इङ्लीस्तान्का डिराइन् अनखल सर्ज्यान्का महप् हवस् साहेव हिन्दुस्तान् तरफका काजकाम गर्न्या वडा वजीर हुन् उनका मार्फत वात्साह जादी भिक्टौरियाका हजुरमा हाजिर हूँदा वहुतै मान मर्ज्यादासंग आफु उठि हात समाई कुर्सिमा वसाउनुहुँदा १९ तोपका सलामी भयो. श्री ५ गोर्वा सर्कारवाट लेखियाको अर्जि हजूरमा गुजराउदा वहुतै षुसी भै वात साहजादीवाट लिनु भयो। ४ मैह्नासम्म वेलायत्मा मुकाम गरि नजर हुँदा तरह तरहको वस्तु चीज र अकलको काम देषनुभयो र विचार गर्नु हुंदा मानु स्वर्ग होकि भन्या जस्तो देषनुभयो वाहापछि इङ्लीस्तानका वात्साहका हजुरमा रुषसत भै फरासिस अमिरिका मिसरदेस अरू टापुहरू जाहाँ जाहाँ पुग्नुभयो ताहा ताहा १९।१९ तोपको सलामी यातीर सवै ठाउमा भयो. ताहा अनेक तरहका आइन वन्दोवस्त तरह तरहका हिकमत इलम काकल देषदा हिन्दुस्तानमा साहेवान्हरूले वयान गऱ्या भन्दा ज्यादा देषना सुनामा आउदा यो चाल जसले लेला दुनिआलाई आराम देला. इङ्लीस्तानका जति अघि भैगयाका वडा वडा मानिस र जानवर गैरहको तवारीष लेषी छापा भयाको देषी सवै विस्तार मालुम हुंदा दुनियाका वीचमा इनहरूको वन्दोवस्त आइन दस्तुर जस मुलुकका राजा वावुहरूले चलाउन सकनन् उनले दुनियालाई आराम र मुलुक आवाद गर्नन् भन्या मनमा येकत्व गरि. लंका टापु र लंकाका किनारमा समुद्रले काटि वाकि रह्याका सेतु स्मेत हेरि रामेश्वर द्वारिकाको दर्शन गरि १९०७ साल माघ सुदि ४ रोजका दिन नेपाल सहर दाषील हुनुभै श्रीपञ्चमीका दिन इङ्लीस्तान् वातसाहवाट पठाई दिनुभयाको अंगरेजी अक्षरको प्रमाना फार्सी अक्षरमा तर्जुमा गऱ्याको समेत रजीडंट जानकालवाल्डर अरस्कीन साहेव समेत भै श्री ५ गोर्षा सरकारमा गुजराया— वाहा पछि आइनरतवारीष सवै तयार गर्नाको दुना सौष भै वेसगरि चित्त लगाई आइन दुरुस्त गरि वनाउनु हुँदा लाषौ मानिसको इजत रहन्या र जिउ वाचना भयो गोर्षा राजभरका आम्दानी षर्चको कागज र अघि ठाउँ ठाउँमा लडाञी भयाका विस्तारको कागज षोज्दा पाइदैन. यस्तो भयापछिका मुषतार अंधा हुन्या छन् तसर्थ कागज पत्रको तलास गर्नु भनि मुलुकी सुवा हृदयरत्नलाई षोजनु भन्या मर्जि हुँदा अघि ठाउँ ठाउँमा लडाञी भयाका वखतका कागजपत्र केहि नमिल्दा खर्चको र आम्दानी षर्चका टेगानाका कागज नपाइदा हाम्रा भर मुलुकका आम्दानी षर्चको र साल सालमा ढुकुटि दाषील भयाका दौलतको औ मेरा पाला भरमा भयाका वन्दोवस्त र लडाञीका विस्तारको तवारिषको किताव कागज पत्र तयार गर्नु भन्या मर्जि हुंदा वन्याको तवारिष हो— —

नेपाल सर्कार र भोट सर्कार दुवै तरफको अघिदेषी दोस्ती थियो दक्षिण तरफवाट आउन्या माल नेपालवाट भोट लैजानु नेपालका महाजनले ह्लासामा ३२ कोठी थापनु. अरू नेपालका इलाकाका महाजन वेपारी षेपुवा नेवार कस्मेरिहरूले ह्लासा डिगर्चा ह्लचि झंसिकार झुटिगरि झुगा केरु कुति गैह्र भोटका मुलुकमा जाहा जाहा आफ्नु इच्छा हुंछ. कोठि थापि उपरिया वेपारी भै वेपार षेप गर्नु भोट तरफका नगदि जिनसिमाल नेपाल तरफ ल्याउनु इनीहरूले भोट तरफ हुँदा नेपाल तरफ आउँदा माल ल्याउंदा लैजांदा केरु कुतिका सिवानामा नेवार महाजन ढाक्र्याहरूले चावल ली वेपार गर्न जांदा चावल भारि १ के जगात पुरु १ दिनु नेवार महाजनहरू ह्लासा जाँदा लैग्याको अनेक जिनसि चीजहरूमा केरु कुतिका झंपुनहरूले सिवानामा जगात नलिनु भारि जाचि झुपनहरूले पोतलामा लेषि पठाउनु चीजवीजका भारि ह्लासा पुग्यापछि

असल कमसल भारि १ के लालमोहर १ जगात दिनु भंन्या र चलिआया वमोजिम घोडा षलमा भोटबाट दिनु. नेपालका इलाकाका मरमहाजन वेपारी षेपुवाहरूलाई भोटका हाकिम. रकमि रैयतहरू कसैले विजाइ विद्दत गर्न नपावस् भंनानिमित्त नेपाल सर्कारका तरफवाट येक नाइक्या ल्हासामा राख्नु. नेपाल इलाकाका भोट तरफ रह्याका मरमहाजन वेपारी षेपुवाको जाँईविजाती हेरि पुर्पक्ष निसाफ गरी डंड जिताउरी पान फुल वक्सौनि दसौध विसौध दै दस्तुराट् नाइक्याले लिनु भोट तरफवाट नलिनु भोट तरफवाट विजाइ विद्दत भयो भन्या भोट सर्कारवाट नेपाल सर्कार तरफका नाइक्यालाई राषि निसाफ गरिदिन् भन्या अघिदेषीको वन्देज थियो येस्कुरामा काहिं काहिं भोट तरफवाट र नेपाल तरफवाट बिजाइ बिद्दत बिथिति हुन जांदा १८४५ सालमा नेपाल सर्कार र भोट सर्कारको चित्त नमिली तकार हुन जांदा श्री ५ चीन बात्साहावाट फुटटुङ्वाङ च्यांचुन पठाई दुवै तरफको झगडा तोडी सम्वत् १८४९ साल चीनको छ्याङलु ५७ सालमा सबै कुराको वन्दोवस्त वाधि दुवै तरफको मिलाप गराई दियाका हुन् ॥ ॥ भोटतरफवाट १८४९ सालमा भयाको थिति वन्देज नाघि नेपालका इलाका भोटका दोसाधमा वस्न्या रैयतहरूलाई विजाइ बिद्दत गरि जिउ समेत भारदार नेपालका इलाकाका मरमहाजन वेपारि षेपुवाहरू भोटतरफ वेपार गर्न जान्यासंग जगात महसूल वढाई लिदा ओं सिमानामा पनि केही जगा उंचनीच पार्याको नेपाल सर्कारमा थाहा हुदा यो कुरा त श्री ५ चीन वात्साहका हुकुमले ल्हासामा वसि भोट नेपालका सिवानाको र थिति वन्दोवस्तमा उचनीच पर्याको हेरचाह गर्न रह्याका अम्वाहरूलाई जाहेर गर्‍यां हो भनि नेपाल सर्कारवाट वारंवार चिठि गयो ।

अम्वाहरूवाट पनि अघिका थिति वन्देज नाघन्या भोटका हाकिम कारिन्दाहरूलाई थिति वन्देज नाघि काम नगर्नु भनि दस्कत पनि पठाया अव पनि विजाइ विद्दत गर्न्या भन्या डंड सासना गरि भोटका हाकिम कारिन्दालाई काम देषी षारीज गरि दिउला भनि वरावर लेखि आउन्या. भोटले भन्या वराबर विजाइ विद्दत पनि गर्न्या जगात महसूल पनि वढता लिंदै रहन्या. नेपाल सरकारका रैयत महाजनको जिउ पनि मार्दै रहन्या धनमाल पनि लुटपीट गरि लिदै गर्न्या—

यस्तो हुंदा येसै कुराको वेहोरा श्री ५ गोर्षा सर्कारका मुषतियार श्रीमच्चौतरिया फत्यजङ्गसाहवाट केरुंका ढेवाहरूलाई लेखिजांदा केरुंका ढेवा २ ले च्यांगाउको छेवां पेमा वर्ष ७० का उमेरका भोट्या १ समेत जना ७ लाई पठाई जनहि १ मोहर १ फुरु लिन्या कुरा र प्यांफेदि-मा षोलाकिको सालमा छाप हालन्या काम अव उप्रांत छाडि चलि आयाका कुरुवा २ र येक भाव नाफा लिनिलि गर्छु भनि चिठी पठाउंदा —

तेस्का जवाप्मा श्री मुलमंत्री चौतरिया फत्यजङ्गसाहवाट नेवार महाजनहरूलाई ९१ वर्षका वुढा समेत जमा गरि तहकित गर्दा १ भात्र नाफा पनि पछि वढता लियाको ठहर्‍यो भन्या वेहोरा १ केरुंका नेवारहरूसंग सोधी तिनी हरूका जमानवंदि मुचुल्का समेत लेषाईलो धिन्दुधोजें र नामग्यान भन्या ढेवाका कारोवारीहरूलाई र औ महाजन मार्न्या चोरहरूलाई कतै नउम्न्या गरि राषनु इनिहरूलाई हाम्रा काजि ताहां पुग्यापछि हाजिर गरिदिनु भन्या वेहोराको चिठी केरुंका ढेवा २ का नाउँमा १९०२ साल चैत्र शुदि ४ रोज ३ का दिन गयो—

येस् कुराको जवाप् श्री ५ गोर्षा सरकारमा केहि लेषि नपठाई केरुंका झुपुनहरूले टिगरिका तालयेलाई चिठि लेषि पठाया छन् तालयेले पनि ल्हासाका अम्वालाई लेषिपठाया छन् र ल्हासाका अम्वा छितारिन् सुइतारिन् २ वाट गोर्षा सर्कारलाई लेषिपठायाको विस्तार—

केरुंमा आफुका वेपार गर्न्या मानिस भारुंको छोरा चोरले म रेछ. चोरहरू पक्रियाका छन्. ती चोरहरूको नाउं गोपु तेंजेन १ पासा २ फिटु १ इ तीनजनामा मारुंको छोरा मार्न्या म हुँ भनि गोपुतेंजेनले जिम्मा लियेछ पासां फिटुं इ दुवै मार्दिषेर थियेनन् भनि केरुंका झुपुनहरूसंग मारुंले भनेछ. मेरो छोराको काठको सन्दुकभित्र मुगाको माला १ के तोला ४५ सुनमासा १२ सुनको अंगुठी १ के मासा १० तेस्मा जड्याको पिरोजा १ गोर्षाको अधलि मोहर ३० फेर पोका पारि राख्याको पिरोजा साना पोका ४५ पोका पिछे पिरोजादाना २० साना ठुना मुगादाना ५।६ कारोवारकाछढडा १ फेरि गोर्षाका रुपैया ५।६ सये काला मोहर २०।३० गोर्षाका पैसाले साटयाको मोहर १२ यो सवै माल चोरिया छन् भंदा गोपुतेंजेन चोरलाई झुपुनहरूले सासना गरि सोध्दा तेस चोरले नक्याको येस

स दुकभित्र कपडाले बेन्ह्याको पोका १ थियो पोका फोई हेर्दा अंदाज गोर्षाका मोहर ३०० जति होला अरू चो-याको माल सबै ढुङ्गाका बगरमा दबाइ राख्याका छन् भनि चोरले भनेछ र झुपुनले ति चोर लैगी षोजन जांदा माल केहि नपाउंदा फेरी झुपुनले ठुलो सासना गरि त्यो माल सबै काहा छन् भनि सोध्दा चोरले त्यो माल छ भन्दोमात्र रहेछ षोजन जादा नपाउन्या येसो विचार गर्दा मारुले दोष मात्रै लाग्याको होकि भन्या जस्तो वुझिन्छ तसर्थ भोटवाट भोट्याभारादार खटाइ केरुंमा पठाउंला नेपालवाट पनि भारादार षटाई केरुंका सिवानासम्म पठाई दिनुहोला दुवै तरफका भारादार वसि सोझपुछ गरी ठह-याको हामि ताठिनलाई लेषि पठाउनु र मानिस मा-याको साचो ठहरियो भन्या दुवै तरफका भारादार वसि त्यो साइ धुवालाई तेसै जगामा मार्नु भनि तौक्वाङ् २६ साल फागुन मैह्नाका दिन २९ जांदा यो बिस्तार लेखिआयो र—

गोर्षा सर्कारवाट ह्लासाका अम्वा छितारिन् सुश्तारिन २ लाई लेषिगयाको विस्तार हाम्रो केरुंमा वसि वेपार गर्न्या मारु भन्या नेवार महाजनको छोरा काटिएछ. यस्तो हुन लाग्यापछि हामीले कसो गरि वेपारको काम गरौं भनि केरुंमा वसी वेपार गर्न्या हाम्रा नेवार महाजनहरूले विन्ति गरि पठाया र कसो भएछ भनी जाहावाट वुझ्न मानिस पठायाका थियौ वुझ्न गयाका मानिस आयापछि विस्तार आफुहरू छेउ लेखिपठाउन आट्याका थियौ सवै विस्तार केरुंका झुंपुनहरूले आफुहरू छेउ विन्ति गरि पठायाछन्. वढिया भयेछ येस कुरामा ताहावाट खटायाका भारादार केरुंमा आई पुगन्या वेलामा जाहावाट पनि यौटा भारादार सिवानासम्म पठाउला दुवै तरफका भारादार वसी सवै विस्तार वुझि वन्दोवस्त गरि भोटका भारादारले आफुहरू छेउ विन्ति गर्नन् हाम्रा भारादारले पनि हामी छेउ विन्ति गरि पठाया वमोजिम आफुहरू छेउ लेषि पठाउला वाकि केरुंमा अघिदेखि वेपार गरि वस्याका हाम्रा प्रजा महाजन नेवार गैह्रहरूले वेपार गर्दा अघि परापूर्वदेखि चलि आयाका रित भन्दा बढता दस्तुर लिन लाग्नि रह्या छन् भनि विन्ति गरि पठायाको कुरा ढाक्र्या हरूले चावल च्यूरा गैरह माललि वेपार गर्न जांदा जनहि फुरु २ चावल लिरि आफ्ना इच्छा भयाका ठाउमा गै वेपार गर्न जान पाउंथ्या. पछि फुरु दस्तुर लिन्यापछि पनि येक भाउ नाफा चाहिंछ भनि वढता लिछन् अरू स्यार्पा षोलाका पर्जाहरूले ल्यायाका घ्यू तेल सुर्ति तमाषु कागज जिनिस माल गैन्ह्मा केहि लिनुं पर्दैनथ्यो. आफ्ना इच्छा भयाको ठाउमा गै वेपार गर्न पाउथ्या. पछि प्याङ केहि पुगनी विर्तिकै झुंपुनका चौकिहरूले भारिमा छाप लगाई लैगि आफ्ना मनोग्य भावसंग येक हट्टि गरि लिछन् अघि येक भाउ नाफा पनि उसैमाथि वजारका भाउमा घटाई जनहिं येक मोहरको नुनढिका लगाइ लिछन्. कैल्हे दुई पुरु दस्तुर येक भाउ नाफा छाडि जनहि एक मोहर लियापछि जनहि येक १ मोहर र २ पुरु दस्तुर पनि लिया. नुनवालासंग ढाक्र्यापिछे ठ्यागरि भनि आधामाना चावल पनि लिया. अघिदेषि लिरिआयाका दस्तुरमा थितिथिति भैरहेछ भनि नेवार माहाजन ढाक्र्या हाम्रा पर्जा हरूले हामी छेउ वारंवार विंति गर्छन् तसर्थ येस वेहोरामा पनि ताहावाट आउन्या भारादारलाई वुझि अघिदेषि चलि आयाको वन्दोवस्त थामि वढता नयाँ दस्तुर नगर्नु भनि अह्राई पठाउन्या काम भया वढिया होला भनि १९०२ साल चैत्र वदि १४ रोज ५ का दिन लेषि जादा—

यसको जवाव ह्लासाका छितारिन् सुइतारिन् अम्वा २ वाट श्री ५ गोर्खा सरकारलाई लेखि आयाको— आफुका राज्ये-का वेपारी केरुंमा मारि लौ नगद जिनिसको वेपार गर्न आउंदा झुंपुनले अघिको रीत वाहेक वढता दाम लिदो रहेछ यो वेहोरा अघिका पुराना विस्तार हेर्दा छ्याङ्लुं ५७ सालको वहिमा लेख्याको रहेछ र रितवाहेक वढता जगात नलिनु भनि झुपुनहरूलाई उर्दिको दसषत् पठायौ केरुंको झुपुनले थिति छोडि जवरदस्ति गरि चादि र चावल वढता लिदो रहेछ प्यांकेदिमा पनि नाफा षाउला भनि लोभ गरि लिदोरहेछ ति झुपुनहरूलाई चांडो ह्लासामा झिकाई सासना गरौला मारुका छोरा मा-याका कुरालाई दुवै तरफका भारादार वसि सोझो निसाफ गर्नु भनि तोक्वाङ २६ सालका ३ महिनाका दिन २९ जांदा लेषि आयो र—

श्री ५ गोर्खा सर्कारवाट ह्लासाका नीज अम्वा २ लाई लेखिगयाको अघिका दफदरमा वेपारका दस्तुरको कुरा हेरि हामीलाई लेखि आउदा हाम्रा मनमा वहुतै षुसि लाग्यो गोपुतेंजेनले मारुका छोरा मा-याका कुरामा र जगात दस्तुरका कुरामा भोटका भारादारसंग वसि सोझो निसाफ गर्नु भनि अन्हाई काजि सुरतसिं पंथ र सर्दार रणगंज कार्किलाई केरुंमा पठाऔं भन्या १९०३ साल ज्येष्ठ वदि ३ का दिन लेषि जादा—

ह्लासाका नीज अम्वा २ वाट श्री ५ गोर्खा सर्कारलाई लेखि आयाको भोट्याकाजिहरूले विन्ति गऱ्याको विस्तार वुझ्दा छ्यांलुं ५७ सालको वन्दोवस्त नमानि केरुंका झुपुनहरूले जगात वढता लिदा रह्या छन् तर आजकालका झुपुनहरूले मात्र लियाको होइन अघिदेषिका झुपुनहरूले लियाको रहेछ. येस कुरामा वहुतै विरायाको छ. ति झुपुनहरूलाई ह्लासामा झिकाई जांचि वुझि डंड सासना गरौला वाकि भोटका अम्वल केरुंका प्रजाहरू रूइका सिवानामा वेपार गर्न जांदा अघि जगात लिन्या दस्तुर रहेनछ आजकाल गोर्षाका काम गर्न्या मानिसले लिदा रह्याछन् भन्या सुनिछ ताहावाट पनि नभयाको रित गरि वढता नलिनु भन्या उर्दि दिनु र दुईतिरको रैति महाजनलाई वढिया होला भन्या तोक्वाङ २६ सालका अधिक ५ महिनाका दिन १७ जांदा लेषि आउंदा श्री ५ गोर्षा सर्कारवाट ह्लासाका नीज छितारिन् सुइतारिन् अम्वालाई जवाप् गयाको— केरुंमा गयाका हाम्रा काजिहरूले जगात लिन्या थितिको कागज षोजदा कागज दवाई देषायान छन् आफुहरूवाट अघि पठाई दिनुभयाको दस्कत पनि देषाउदैनन् उर्दि पनि सुनाउदैनन् येस्ता अलमलाउन्या कुरा गर्दा वन्दोवस्त हुन शकेन तसर्थ छ्यांलुं ५७ सालमा भयाको वन्दोवस्तका कागजको नकल ली येक जना चिनिया भारादार पठाईदिनुभया चिनिया भारादार हाम्रा काजिहरू वसी वढता ठह्ऱ्याको दुवैतिरको भेटि वन्दोवस्त गर्दा हुन् वाकि हाम्रा तरफका रूईका सिवानामा कामकाज गर्न्या मानिसहरूलाई अघिदेषि रीत नभयाको कुरा केहि गऱ्याका रह्याछन् अव उप्रान्त तेस्तो वेरीत नगर भन्या लेषि पठाउनु वेरीत गर्न्यालाई डंड गरी हजाई दिनु भन्या काजिहरूलाई लेषिगयाको ०३ साल भाद्र वदि ३ रोज २ मा लेषि जादा— ह्लासाका छितारिन् सुइतारिन् अम्वावाट श्री ५ गोर्षा सर्कारलाई लेखिआयाको केरुंका झुंपुनहरूलाई ह्लासामा झिकाई सोधपुछ गर्दा आफु आफैं मनोग्यसंग वन्दोवस्त गरिलिन्या गऱ्याको वहुतै विरायाको रहेछ यो झुंपुनलाई मान षोसिदिऔं तौक्वां २० सालको झुपुनलाई झिकाई वेजाइ कामको मतो गर्न्या झुंपुनलाई ठुलो सासना गरौला वाकि छ्यालुं ५७ सालमा फुटुंथ्वांले वन्दो वाधि श्री ५ चीन वातसाहका हजूरमा अर्जि चऱ्हाई पठायाको हो आफुका राज्यका प्रजाहरूले चावल ली सिवानामा वेपार गर्न आउंदा भारि १ चावलमा जगात फुरु १ लियाको हो अरू जिनिसि चीजहरूमा झुंपुनले जाचि तपसिल लेषि पोतलामा विंति गरी पठाउ छन् भारि ल्हासामा पुग्यापछि जगात लिछन्. सिवानामा जगात लिनु हुन्दैन झुपुनहरूले जगात लिन्या गऱ्याको फुरु जाहाकाहां जाचौ येक फुरुमा कति चावल जादो रहेछ कति गऱ्हौं छ जाचि पठाउनु होला भनि तौक्वां २६ साल का ६ महिनाका १५ दिन जादा लेखिआयो र—

श्री ५ गोर्षा सर्कारवाट ल्हासाका छितारिन् सुइतारिन् अम्वालाई गयाको— आफ आफैले मनोग्य वन्दोवस्त गरि काम गऱ्याको वहुतै विरायाको रहेछ भनि झुंपुनहरूलाई षोसन्या काम र छ्यांलुं ५७ सालका वन्दोवस्तमा जगात लिन्या दस्तुर यति हो भनि वढिया लेषि आयेछ फुरुका कुरालाई हाम्रा काजि सर्दारहरूलाई लेषि पठाउदा उनिहरूले जाचि पठायाको केरुंमा चावलको जगात लिन्या फुरु छुइ रह्या छन् ढाक्र्याहरूसंग जगात लिन्या सानु फुरु रहेछ उसमा चावल माना १ मुठि ८ अटाउंछ मोहर तौल १४४ तोला चढदछ षोलाकि प्रजाहरूसंग जगात लिन्या ठुलो फुरु रहेछ उसमा चावल माना २ मुठि १ अटाउंछ मोहर तौल १६१ मोहर चढदछ: ति दुवै फुरु आफुहरू छेउ पठायाको छ वुझनु होला भनि १९०३ साल आश्विन सुदि १५ रोज १ मा लेषिजांदा—

ल्हासाका छितारिन् सुइतारिन् अम्वावाट श्री ५ गोर्षा सरकारमा लेषि आयाको जगात वढता लिछन् भनि लेषि आयाका अर्थ हामी नाटिन तौक्वां २० सालमा पनि लेषि गयाको हो. नमानि जगात वढता लिन्या झुपुन उमालुं वाधि च्याङवाङच्ये र पछिका च्योफु अ.के सान् छेत्यान् रिजलाजहरूलाई नमानि काम गर्दा सवैलाई झिकाई सासना गरि मान षोसि दिऔं छ्यांलुं ५७ सालका वन्दोवस्तको नकल उतारि पठाउनु होला भनि लेष्याका कुरालाई जगातका वन्दोवस्तका कागजको नकल सवै उतारि हामी र तालये लामाज्यूको लालमोहर छाप लगाई पठायाको छ हेर्नुहोला तव पतियार होला यो राषि छोडनुहोला. येही मोहर वमोजिम मानि काम गर्नुहोला ल्हासावाट चिनिञा भारादार भोट्या भारादार पठाईदिनुहोला भनि अव चिठि नलेषनु भनि तौक्वां २६ सालका भाद्र महिनाका ११ दिन जांदा—

(क्रमश:)